# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७६।११।१२ गते।

## प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको ।**

जिल्ला हुलाक कार्यालय बझाङ्गका कर्मचारीहरुले हुलाक वचत बैंकको रकम हिनामिना र हानिनोक्सानी गरेको भन्ने उजुरी सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला हुलाक कार्यालय बझाङ्गका निमित्त कार्यालय प्रमुखको रुपमा कार्यरत रहेका रणबहादुर कडायत र सोही कार्यालयमा खरिदार पदमा कार्यरत रही हाल सुर्मा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय बझाङ्गमा नायब सुब्बा पदमा कार्यरत शिवराज उपाध्यायले सार्वजनिक कोषको संरक्षण गर्नुपर्ने दायित्व विपरीत लापरवाही एवं बदनियतपूर्ण रुपमा सार्वजनिक कोषको दुरुपयोग गरी मासेको एवं निजी प्रयोगमा लगाएको तथ्य निर्विवाद रुपमा पुष्टि हुन आएको हुँदा निजहरुले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेकोले निजहरु रणबहादुर कडायतलाई बिगो रु. २,९४,८९,९७१।६२ (दुई करोड चौरानब्बे लाख उनानब्बे हजार नौ सय एकहत्तर रुपैयाँ बैसट्ठी पैसा) र शिवराज उपाध्यायलाई रु. २,००,२४,८६९।८२ (दुई करोड चौबीस हजार आठ सय उनानसत्तरी रुपैयाँ बयासी पैसा) बिगो कायम गरी दुवैलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ मा उल्लेख भएबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (झ) बमोजिम जरिवाना र कैद सजाय हुनका साथै रणबहादुर कडायत र शिवराज उपाध्यायले हानिनोक्सानी गरी दुरुपयोग गरेको बिगो रकम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम असुल उपर हुनसमेत मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

प्रवक्ता
प्रदीपकुमार कोइराला